☎ ९८५७८३५२४०

# राजपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ
५ नं. प्रदेश, नेपाल

प.स :२०७६/०७७
च.नं.: ८९

मिति २०७६।५।१

विषय :- सेवा करार सम्वन्धी सूचना पठाइएको बारे ।

श्री वडा कार्यालयहरु,
सबै, ।

प्रस्तुत विषयमा यस गाउँपालिकाका लागि आवश्यक प्राविधिक कर्मचारी सेवा करारमा लिने सम्वन्धी यस कार्यालयको मिति २०७६।५।१ .को सूचना पाना १ यसै साथ संलग्न राखी पठाइएको छ, प्राप्त भएपछि त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनु हुन अनुरोध छ ।

**बोधार्थ:**
श्री सूचना प्रविधि अधिकृत : उक्त सूचना १ प्रति यसै साथ संलग्न छ, कार्यालयको वेवसाइटमा राखिदिनु हुन ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

☎ ९८५७८३५२४०

# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ
५ नं. प्रदेश, नेपाल

प.स :०७६।०७७
च.नं.: ८२

**करारमा सेवा लिने सम्बन्धी सूचना**
**सूचना प्रकाशित मिति : २०७६।५।१**

राजपुर गाउँपालिकाको लागि तपसिल बमोजिमको पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र राजश्व तिरेको नगदी रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेब साइट www.rajpurmundang.gov.np बाट उपलब्ध हुनेछ ।

१. आवश्यक पद संख्या :

| वि.नं. | पदनाम | संख्या |
|---|---|---|
| १/०७६।०७७ | सिभिल इन्जिनियर | १ (एक) |
| २/०७६।०७७ | सिभिल सब इन्जिनियर | २ (दुई) |
| ३/०७६।०७७ | सिभिल असिस्टेण्ट सब इन्जिनियर | १ (एक) |

२. छनौटको तरिका : छोटो सूची र अन्तरवार्ता ।
   क) शैक्षिक योग्यता : ६० अंक, ख) अनुभव : १० अंक
   ग) स्थानीयता : १० अंक, घ) अन्तरवार्ता : २० अंक

३. योग्यता र अनुभव:
   (१) नेपाली नागरिक
   (२) न्यूनतम शैक्षिक योग्यता : इन्जिनियरका लागि बी.ई सिभिल र सब इन्जिनियरका लागि प्रमाण पत्र तह (सिभिल) र असिष्टेण्ट सब इन्जिनियरका लागि सम्बन्धित विषयमा टी. एस. एल. सी. वा सो सरह उत्तीर्ण ।
   (त्रि.वि.वि.को श्रेणी विभाजन अनुसार प्राप्तांकको आधारमा विशिष्ट श्रेणी भए ६० अंक, प्रथम श्रेणी भए ५५ अंक, द्वितीय श्रेणी भए ५० अंक र तृतीय श्रेणी भए ४५ अंक )
   (३) सम्बन्धित कामको अनुभव प्रति वर्ष २ अंकका दरले बढीमा १० अंक प्राप्त हुने ।
   (अनुभवको प्रमाण फाइल साथ हुनु पर्ने )
   (४) स्थानीयताको हकमा राजपुर गाउँपालिका भित्रको स्थायी बसोबास भए १० अंक, राजपुर बाहेक दाङ जिल्ला भित्र स्थायी बसोबास भए ५ अंक
   (सम्बन्धित वडा कार्यालयबाट स्थायी बसोबासको प्रमाणित फाइल साथ पेश हुनुपर्ने ।
   (५) दरखास्त दिने अन्तिम मितिमा असिस्टेण्ट सब इन्जिनियर र सब इन्जिनियरको हकमा १८ वर्ष र इन्जिनियरको हकमा २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।
   (६) इन्जिनियरको हकमा काउन्सिलमा दर्ता भएको ।

४. करार अवधि : बढीमा २०७७ असार मसान्त सम्म । पद रिक्त भएमा र कार्य सन्तोषजनक भएमा आगामी आ.व.मा करार निरन्तरता हुन सक्ने ।

५.आवेदन दस्तुर इन्जिनियरको लागि रु.१०००।०, सब इन्जिनियरको लागि रु. ४००।० र असिष्टेण्ट सब इन्जिनियरका लागि रु. ३००।०

५. दरखास्त फाराम पाइने र बुझाउने स्थान : राजपुर गाउँ कार्यपालिकाको कार्यालय गंगदी दाङ ।

६. मासिक पारिश्रमिक : नेपाल सरकारले सम्बन्धित तहका लागि निर्धारण गरे बमोजिम ।

७. अन्य कुरा बुझ्नु परेमा कार्यालयमा वा ९८५७८३५२४०/९८५७८४२६६६ मा सम्पर्क गर्न सकिनेछ ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत